प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.स. :- मिति :- २०७९/०२/१५

च.नं.:-

## गणतन्त्र दिवस, २०७९ को शुभकाना सन्देश।

१५ औं गणतन्त्र दिवसको सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण प्रतापपुर गाउँपालिका बासी तथा नेपाली आमा बुवा, दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक बधाई दिँदै सुख, शान्ति र समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु । हाम्रो देशमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएका संघर्षमा आफ्नो अमूल्य जीवन आहुती गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

ऐतिहासिक संविधानसभाको पहिलो बैठकले बि.स.२०६५ साल जेष्ठ १५ गते नेपालमा गणतन्त्र घोषणा गरेको दिनको सुखद् स्मरण गर्दै हामीले प्रत्येक वर्ष गणतन्त्र दिवस मनाउँदै आएका छौं । यस दिवसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रिय एकताको सूत्रमा बाँधिई यहाँ उपलब्ध प्राकृतिक श्रोत र साधनको अधिकतम उपयोग गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न थप उर्जा पैदा गर्ने अपेक्षा गरेको छु । लामो सङ्क्रमणकाल पश्चात मुलुकमा राजनीतिक स्थिरता र दिगो शान्ति स्थापना भएको वर्तमान परिवेशमा राष्ट्रिय अखण्डताका साथै राष्ट्रिय स्वाभिमानको भावना जागृत गर्दै समाजमा रहेका सबै प्रकारका विभेदहरूको अन्त्य गरि समतामुलक समाज निर्माण गर्न प्रेरणा दिनेछ भन्ने विश्वास लिएको छु।

कोरोना भाइरसको संक्रमणमा परी स्वदेश तथा विदेशमा आफ्नो अमूल्य जीवन गुमाउने सबै नेपालीहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्दछु।

२।१५

उमेश चन्द्र यादव
अध्यक्ष

उमेश चन्द्र यादव
अध्यक्ष

फोन: ०७८-४१९०९५ वेबसाईट: www.pratappurmun.gov.np इ-मेल: ito.pratappurmun@gmail.com